२०८० साल, वर्ष ५ ,अंक १५ (अषार)

लाटोकोसेरो संरक्षण सबैका लागि



हाप्सिलो

(लाटोकोसेरो सम्बन्धी चौमासिक पत्रिका)

फोटो : गोविन्द बहादुर सिंह

यो अङ्कमा

धादिङको नौबिसेबाट उद्धार गरिएको हाप्सिलो : कमल आचार्य

तामाङ समुदायमा लाटोकोसेरो ! ४
जाजरकोटमा पनि भेटियो कैलो मलाहा हुचिल ५
कैलालीमा कब्रार लाटोकोसेरोको उद्धार.....५
पोखरामा लाटोकोसेरो संरक्षणको लागि विद्यार्थी कस्सिए ६
धादिङमा हाप्सीलो बेच्नेलाई समातियो.....८
म्याग्दीमा लाटोकोसेरो सचेतना कार्यक्रम.....९

हाम्रो भन्नु !

केहि समयसम्म शिथिल जस्तो देखिएको लाटोकोसेरो तथा हुचीलको अबैध व्यापार भित्रि रुपमा उत्तिकै सक्रिय रुपमा भएको भेटिएको छ । रसुवा र दोलखा जिल्लामा निर्वाद चलिरहेको यिनको ब्यापारले यिनको संरक्षणमा भएको प्रयाश सन्तोषजनक नभएको पुष्टि हुन्छ । अर्को तर्फ लाटोकोसेरो संरक्षणको लागि भनेर सरकारले बनाएको दश वर्षे कार्ययोजनालाई लागु गर्न सरकार असफल भएको छ । नेपाल तथा बिदेशमा रहेका सबै दाताहरु दुर्लभ प्रजातिको पछि लागेका छन् । नेपालमा लाटोकोसेरोको संरक्षण गर्ने हो भने सबै सरोकारवालाहरुको सयुंक्त प्रयास हुनु एकदमै आवश्यक भएको छ ।

सम्पादक

तामाङ समुदायमा लाटोकोसेरो

राजु आचार्य

केही समय अघि रसुवा जिल्ला जाने मौका मिल्यो। तामाङ समुदायको बाहुल्यता रहेको गतलाङ्ग गाउँ पुग्दा यसको पुरानो नाम सुनेर छक्क परियो। कालो गाउँ। सबै घरका छाना काठ र त्यो पनि धुवाँले गर्दा कालो देखिने भएकोले पर्यटकहरूले गाउँको नाम नै ब्ल्याक भिलेज अर्थात् कालो गाउँ भनेर राखेका रहेछन्। गाउँका वृद्धहरू सँग लाटोकोसेरोको विभिन्न आयामहरूको बारेमा कुरा गर्दा निकै रमाइलो लाग्यो।

उनीहरू सानो लाटोकोसेरोलाई कुलुलु र ठुलालाई खुदुक/ खुदुप भन्दा रहेछन्। सो क्षेत्रका लामाहरूले भूतप्रेत भगाउन गरिने पूजामा यिनको प्वाँख प्रयोग गरिँदो रहेछ। यदि कुनै परिवार एकदमै मिलेर बसेका छन् र सो परिवारमा झगडा पार्नु छ भने , काग र लाटोकोसेरोको प्वाँख तिनले नदेख्रीगरि घरमा राखिदियो भने सो घरमा झगडा हुने भनेर विश्वास गरिन्छ।

पहिला पहिला निमोनिया बिग्रेको वा बाथ रोग लागेको मानिसहरूको उपचारमा यिनको मासु प्रयोग गरिन्थ्यो। आँसुको सुप खायो भने सो रोग घट्ने वा निर्मूल हुन्छ भनेर स्थानीयहरू विश्वास गर्छन्।

पहिला पहिला घरको छानामा वा गाउँमा राखिएको झन्डामा पनि आएर कराउने लाटोकोसेरो आज भोलि घट्न थालेको भन्दै स्थानीयहरु चिन्तित देखिन्थे। उनीहरू लाटोकोसेरोको आँखामा हिरा हुने जसले लाइट समेत फुटाउने विश्वास गर्छन्। शरीरमा बेसार छर्दा कालो भएमा निकै मूल्यवान् हुने ठान्छन्। लाटोकोसेरो खरिदको लागि मानिसहरू बर्सेनि गाउँतिर आइरहने बताए।

मानिस र लाटोकोसेरो बिचको अन्तरसम्बन्धबारेको जानकारीले निकै खुसी भए पनि यिनको अवैध व्यापार अझै सो जिल्लामा नियमित भेटिनुले प्रजाति संरक्षण निकै चुनौतीपूर्ण हुने निश्चित छ।

स्थानीयहरु संग लाटोकोसेरोको बारेमा कुरा गर्दै

जाजरकोटमा पनि भेटियो कैलो मलाहा हुचिल

संरक्षणकर्मी गोविन्द बहादुर सिंहले समुन्द्र सतह देखि करिब २३०० मीटरको उचाइमा कैलो मलाह हुचिल अभिलेख गरेका छन् । यति माथिल्लो उचाइमा भेटिएको यो सम्भवत पहिलो पटक हो । उक्त क्षेत्रमा स्थानीयहरु माछा, पाहा संकलनको लागि जाने हुनाले यिनीहरु माथि चुनौती थपिएको छ ।

कैलालीमा कब्रार लाटोकोसेरोको उद्दार

यहि अप्रिल १, २०२३ मा पखेटामा चोट लागेर घाइते भएको लाटोकोसेरोलाई शिव प्रसाद चौधरीले उद्दार गरेका थिए। उक्त लाटोकोसेरोको प्राथमिक उपचार गरेर प्राकृतिक वासस्थानमा छाडिएको थियो । कैलाली जिल्लामा यो प्रजाति पहिलोपटक भेटिएको हो । (तस्बिर : हिरुलाल डगोर)

पोखरामा लाटोकोसेरो संरक्षणको लागि विद्यार्थी कस्सिए

फागुन १९ गते २०७९, वन विज्ञान अध्ययन संस्थान पोखरा क्याम्पसमा रहेको हरित संस्था एलुमुनि एसोसिएसन फर कन्जरभेसन एन्ड डेभलपमेन्टले विश्व वन्यजन्तु दिवस २०७९ को अबसरमा जनचेतनामुलक कार्यक्रमहरु गरि मनाएको थियो । वन्यजन्तु संरक्षणका लागि साझेदारी भन्ने मुल नाराका साथ विश्व भरनै मनाईने यस दिनमा जनचेतनामूलक र्‍याली, मलाहा बिरालो तथा लाटोकोसेरो संरक्षणका लागि सडक नाटक गरिएको थियो ।

वन बिज्ञान अध्ययन संस्थान पोखरा क्याम्पसमा अध्ययनरत विद्यार्थी, वन्यजन्तु संरक्षणकर्मी, शिक्षक तथा अन्य बुद्धिजीवी गरि ८० जना भन्दा बढीको संख्यामा सहभागी भएको कार्यक्रम लाई सम्पन्न गर्न पोखरा महानगरपालिका, प्रकृतिका साथीहरु, तराई फिसिंग क्याट प्रोजेक्ट, डिभिजन वन कार्यालय,कास्की लगाएतले सहयोग गरेका थिए ।

निजगढमा स्थानीयले काठमा बनाएको लाटोकोसेरो (फोटो : सन्तोष भट्टराई)

धादिङमा हाप्सीलो बेच्नेलाई समातियो

फाल्गुन २१ गते, २०७९, अवैध ढङ्गले बिक्री गर्न लागेको सूचनाका आधारमा प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो र इलाका प्रहरी कार्यालय खानीखोलाको प्रहरी टोलीले यही फागुन १६ गते नौबिसे क्षेत्रबाट हाप्सिलो उद्धार गरेको थियो । हाप्सिलो बोकेर हिँड्ने मकवानपुरको थाहा नगरपालिका–१२ का रमेश स्याङ्तान र धादिङको थाक्रे गाउँपालिका वडा नं ५ का विनोद लामालाई प्रहरीले पक्राउ गरेको छ । पक्राउ परेकामाथि थप अनुसन्धान भइरहेको छ ।

धादिङको नौबिसेबाट उद्धार गरिएको हुचिल/हाप्सिलो नीलकण्ठ नगरपालिका स्थित सामुदायिक वन क्षेत्रमा छोडिएका छन् । डिभिजन वन कार्यालयले जनप्रतिनिधि, नेपाल प्रहरी र स्थानीयको रोहवरमा शनिबार ती पंक्षी वनमा छोडिदिएको हो ।

फोटो : कमल आचार्य

म्याग्दीमा लाटोकोसेरो सचेतना कार्यक्रम

आयुस ढुङ्गानाको नेतृत्वमा म्याग्दी जिल्लाका विभिन्न विद्यालय तथा सरोकारवालाहरूको लागि लाटोकोसेरो संरक्षण चेतना शिविर सञ्चालन गरिएको थियो । यही २०२३, मे ७-१५ को बिचमा जामुना खर्क माध्यमिक विद्यालय, श्री थाकन पोखरी आधारभूत विद्यालय, प्रकाश मा वि, बेनी सामुदायिक विद्यालय तथा देउराली आमा समूहलाई लाटोकोसेरोका विभिन्न आयामको बारेमा छलफल गरिएको थियो । १७९ जना विद्यार्थी र २५ जना आमा समुहरुले सो छलफलमा भाग लिनु भएको थियो । बेनी नगरपालिकाका विभिन्न वडामा सो कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त कार्यक्रमको लागि आर्थिक र प्राबिधिक सहयोग प्रकृतिका साथीहरु संस्थाले गरेको थियो। **(फोटो : आयुस ढुङ्गाना)**

लाटोकोसेरो अनुसन्धान र संरक्षणका लागि नेपाल सरकारले तयार गरेको १० बर्से कार्य योजना देशका विभिन्न डिभिजन बन कार्यालयमा हस्तान्तरण गर्ने क्रममा म्याग्दी जिल्लामा

लाटोकोसेरो-हुचीललाई जोगाऔँ

- लाटोकोसेरो प्राय: राति र सबेरै बिहान सक्रिय हुने सिकारी पंक्षी हो।
- हालसम्म नेपालमा २३ प्रजातिका लाटोकोसेरो अभिलेख गरिएको छ।

संरक्षण किन?

- मुसालाई आहार बनाई अन्नबाली जोगाउने किसानको साथी
- पंछी अवलोकन पर्यटनको विकासमा टेवा पुर्याउने
- स्वस्थ वातावरणको सूचक
- हिन्दू धर्म अनुसार देवी लक्ष्मीको वाहन

चुनौतीहरु

- अनियन्त्रित वन तथा वासस्थानको विनास
- चोरी शिकारी तथा अवैध व्यापार
- बालीमा किटनाशक तथा विषादी मलको प्रयोग
- अन्धविश्वास

संरक्षणका उपायहरू

- वासस्थान जोगाउने
- चोरी सिकारी तथा अवैध व्यापारमा नियन्त्रण
- अत्याधिक रसायनिक मल प्रयोगमा न्यूनीकरण
- सकारात्मक जनचेतनामूलक कार्यक्रम
- अध्ययन /अनुसन्धान

सहयोगी संस्था: प्रकृतिका साथीहरु

दिपा गुरुङ इमेल: dpagurung7@gmail.com

दृष्टान्तहरु मापनमा छैनन् ।

म्याग्दी जिल्लामा संचालन गरिएको लाटोकोसेरो संरक्षण चेतना शिविर

'प्रकृतिका साथीहरु'को चौमासिक प्रकाशन हाप्सिलो

अवधारणा : राजु आचार्य र यादव घिमिरे
सम्पादक : राजु आचार्य
पाहुना भाषा सम्पादक : रमेश पोख्रेल
लेख, रचना तथा सम्पर्कका लागि : naturesfren@yahoo.com